**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

**मानव संसाधन व्यवस्थापन विभागको**

**अनलाइन(Online) दरखास्त आह्वान सम्बन्धी**

**सूचना**

यस बैंकमा रिक्त रहेका देहायबमोजिमका पद करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट मिति २०८३/०५/०९ गतेदेखि मिति २०८३/०५/२३ गतेसम्म अनलाइन दरखास्त आह्वान गरिएको छ। दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र लगायतका अन्य आवश्यक सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ। दरखास्त दस्तुर भुक्तानी नभएका वा म्याद नाघी प्राप्त हुन आएका वा रीत नपुगी पेश हुन आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन। झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेको पाइएमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ। शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन।

| विज्ञापन नं. | पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १०१/२०८३ | रक्षक | १(एक) | SEE वा सो सरह उत्तीर्ण | • कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त जमदार वा सुवेदार वा सो सरह। |
| १०२/२०८३ | सिपाही | ४(चार) | आठ कक्षा उत्तीर्ण | • कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त हुद्दा वा अमलदार वा प्यूठ वा सिपाही वा सो सरह। |
| १०३/२०८३ | सवारी चालक(हलुका) | ७ (सात) | आठ कक्षा उत्तीर्ण | • नेपाल सरकारका निकाय वा नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा वा नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्थाबमोजिम अधिकृत विशिष्ट श्रेणी वा सो भन्दा माथिका पदाधिकारी वा पूर्व गभर्नरको निजी चालक भई ७ बर्ष कार्य अनुभव प्राप्त गरेको र नेपाल सरकारको सम्बन्धित निकायबाट कार, जिप र डेलिभरी भ्यानको सवारी चालक अनुमति पत्र प्राप्त गरी नवीकरण भएको अवस्थामा रहेको। |
| १०४/२०८३ | सवारी चालक (बस) | ३ (तीन) | आठ कक्षा उत्तीर्ण | • नेपाल सरकारका निकाय वा नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा वा नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्थाबमोजिम अधिकृत विशिष्ट श्रेणी वा सो भन्दा माथिका पदाधिकारी वा पूर्व |

| | | | | |
|---|---|---|---|---|
| | | | | गभर्नरको निजी चालक भई ७ बर्ष कार्य अनुभव प्राप्त गरेको र नेपाल सरकारको सम्बन्धित निकायबाट ट्रक, बस र लरी तथा कार, जिप र डेलिभरी भ्यानको सवारी चालक अनुमति पत्र प्राप्त गरी नवीकरण भएको अवस्थामा रहेको। |
| १०५/२०८३ | डिस्पेन्सरी | २(दुई) | स्टाफ नर्स अथवा डिप्लोमा फार्मेसी उत्तीर्ण | • पदको कामसँग सम्बन्धित संगठित संस्थामा ५ वर्षको कार्यानुभव भएको। |
| १०६/२०८३ | कार्यालय सहयोगी | १७ (सत्र) | आठ कक्षा उत्तीर्ण | • नेपाल सरकारका निकाय वा नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थाबाट कार्यालय सहयोगी पदमा काम गरी निवृत्तिभरण प्राप्त गर्ने गरी सेवाबाट अवकाश पाएको। |

**अन्य विवरण**

१ उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मितिमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

२ उम्मेदवारको छनौट विधिः

(क) विज्ञापन नं. १०१/२०८३, १०२/२०८३, १०३/२०८३ तथा १०४/२०८३ पदको लागि लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।
तर दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या २० वा सोभन्दा कम भएमा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता मात्र हुनेछ।

(ख) विज्ञापन नं. १०५/२०८३ तथा १०६/२०८३ पदको लागि लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।
तर दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या २० वा सोभन्दा कम भएमा अन्तर्वार्ता मात्र हुनेछ।

३ स्वीकृत नामावली प्रकाशनः बैंकको वेबसाइटमा पछि प्रकाशन हुनेछ।

४ परीक्षा कार्यक्रम प्रकाशनः बैंकको वेबसाइटमा पछि प्रकाशन हुनेछ।

५ करार सम्झौता अवधिः करार सम्झौताको अवधि ६ महिनाको हुनेछ।

६ पारिश्रमिक तथा अन्य सुविधाः बैंकको नियमानुसार करारनामामा उल्लेख भएबमोजिम हुनेछ।

७ काम गर्नुपर्ने कार्यालयः आवश्यकता अनुसार बैंकको केन्द्रीय कार्यालय तथा प्रदेशस्थित कार्यालयहरूमा खटाउन सकिनेछ ।

८ सेवा सम्बन्धी शर्तः करारनामामा उल्लिखित शर्त अनुसार हुनेछ।

९ अनलाईन दरखास्त पेश गर्ने तरीकाः यस बैंकको **website: www.nrb.org.np** मा **Career** भित्र राखिएको **Online Portal for Contract Application** बाट पेश गर्न सकिनेछ।

१० परीक्षा दस्तुरः रु.८००।– (रीत नपुगेको कारणले आवेदन फाराम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन।)

११ परीक्षा दस्तुर बुझाउने प्रक्रियाः अनलाइन दरखास्त फाराम बुझाउने पोर्टलमा रहेका भुक्तानी सेवा प्रदायकमार्फत् बुझाउन सकिनेछ ।

१२ दरखास्त दिने अन्तिम मितिः २०८३/०५/२३

**नोटः**

क) सबै पदको परीक्षा कार्यक्रम (लिखित, प्रयोगात्मक र अन्तर्वार्ता) काठमाडौंमा सञ्चालन हुनेछ ।

ख) दरखास्त दिने उम्मेदवारको फोटो हालसालै खिचिएको हुनुपर्नेछ ।

ग) अनलाईन दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको मानव संसाधन व्यवस्थापन विभाग, बालुवाटार, फोन नं. ०१ ५७१९६४१/४२/४३/४४ एक्सटेन्सन १२१८, १२२५ वा १२१४ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

घ) यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: **www.nrb.org.np** को **Career** अन्तर्गत **Notices** भित्र राखिएको छ ।

नेपाल राष्ट्र बैंक
मानव संसाधन व्यवस्थापन विभाग

..........................

**उप–निर्देशक**

**तथा**

**सदस्य सचिव–पदपूर्ति उपसमिति**